# लक्षित, विपन्न समुहका, अभिभावक विहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धी कार्यविधि, २०७६

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश,

पोखरा, नेपाल ।

सचिव

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## लक्षित, विपन्न समुहका, अभिभावक विहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना**

बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका भेदभाव, दुर्व्यवहार, हिंसा, विभिन्न खालका शोषण, वेवास्ता, उपेक्षा वा हेलचक्र्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यास जस्ता कारणले गर्दा बालबालिकामा पर्न जाने तत्कालीन जोखिमको रोकथाम तथा व्यवस्थापन गर्न आवश्यक भएकोले गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद्बाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लक्षित, विपन्न समुहका, अभिभावक विहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धि कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बालबालिका ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले आपतकालिन बालउद्धार कोष नियमावली, २०६७ लाई सम्झनु पर्दछ ।

(ग) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका नागरिकलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ङ) "महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतको सामाजिक विकास महाशाखालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यो कार्यविधि अनुसार गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(छ) "लक्षित बालबालिका" भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भए अनुसारका बालबालिकालाई सम्झनु पर्दछ ।

### परिच्छेद २

### सामाजिक सुरक्षा सहयोग कार्यक्रम कार्यान्वयन प्रक्रिया

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

३. **अख्तियारी प्रदान गर्नेः** (१) मन्त्रालयले लक्षित बालबालिकालाई सामाजिक सुरक्षा सहयोग कार्यक्रमको लागि स्थानीय तहलाई रकम निर्धारण गरी चालू आर्थिक वर्षभित्र खर्च गर्नको लागि कार्यक्रम सहित अख्तियारी प्रदान गर्नेछ ।

(२) स्थानीय तहले प्राप्त अख्तियारी रकमबाट दफा ४ बमोजिमका क्षेत्रहरुमा खर्च गर्नुपर्नेछ ।

४. **सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउने क्षेत्रहरुः** सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउने क्षेत्रहरु देहायबमोजिम हुनेछन्:

(क) शैक्षिक सहयोग कार्यक्रम

(ख) स्वास्थ्य सेवा सहयोग कार्यक्रम

५. **रकम निर्धारण समितिको गठनः** (१) सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउनको लागि स्थानीय तहलाई पठाउने रकम निर्धारण गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक रकम निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| (क) सामाजिक विकास महाशाखा प्रमुख | संयोजक |
| (ख) स्वास्थ्य महाशाखा अधिकृत प्रतिनिधी | सदस्य |
| (ग) शिक्षा महाशाखा अधिकृत प्रतिनिधी | सदस्य |
| (घ) प्रशासन तथा योजना महाशाखा अधिकृत प्रतिनिधि १ जना | सदस्य |
| (ङ) महाशाखाका सम्बन्धित शाखा प्रमुख | सदस्य–सचिव |

६. **स्थानीय तहमा छनौट समितिको व्यवस्थाः** (१) प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाँउ/नगर पालिकाका उपप्रमुख | संयोजक |
| (ख) कार्यपालिकाको सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ग) महिला तथा बालबालिका /सामाजिक शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा १ वमोजिमको समितिको वैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकतानुसार वस्न सक्नेछ । वैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जोखिममा रहेका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने,

(ख) तथ्यांक बिश्लेषण तथा प्राथमिकिकरण गर्ने,

(ग) जोखिम अवस्थामा भएका बालबालिकाको उद्धार गर्ने,

सामाजिक विकास मन्त्रालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा, नेपाल

(घ) आपतकालीन अवस्थामा रहेको बालबालिकालाई राहत र पुनर्स्थापनाको लागि सिफारिस गर्ने,

(ङ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा सामाजिक संस्थासंग समन्वय गर्ने,

(च) रकम उपलब्ध गराइएका लक्षित बालबालिकाहरुको विवरण अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी मन्त्रालयमा पठाउने ।

८. **सामाजिक सुरक्षा सहयोग रकम प्राप्त गर्नको लागि पेश गर्नु पर्ने कागजातहरु:** दफा ४ बमोजिमको क्षेत्रमा सामाजिक सुरक्षा सहयोग रकम माग गर्दा निवेदकले सम्बन्धित स्थानीय तहमा देहायबमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) जन्म दर्ताको प्रमाण प्रत्रको प्रतिलिपी वा स्थानीय तहको मुचुल्का,

(ख) अभिभावक वा संरक्षकको नागरिकता वा प्रमाण खुल्ने अन्य कागजातहरु,

(ग) अनाथ तथा बिपन्न सम्बन्धि प्रमाणीकरण गरिएको कागजात,

(घ) अनुसूची ३ बमोजिमको ढाँचामा सहयोगको क्षेत्र खुल्ने निवेदन

(ङ) अन्य आवश्यक कागजातहरु ।

९. **सामाजिक सुरक्षा सहयोग रकमको मापदण्ड:** दफा ६ मा उल्लेखित समितिले जोखिममा रहेका बालबालिकालाई दफा ४ बमोजिमका क्षेत्रमा सामाजिक सुरक्षा सहयोगको लागि दश हजार रुपैयाँमा नबढ्ने गरि रकम उपलब्ध गराउन सक्नेछ ।

१०. **वाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउनेछ ।

११. **संशोधन एवं हेरफेर:** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा प्रस मन्त्रालयले संशोधन तथा हेरफेर गर्नेछ ।

सामाजिक ... गण्डकी ... पोखरा, नेपाल

## अनुसूचि १

### परिच्छेद १ खण्ड (छ) सँग सम्बन्धित

### लक्षित बालबालिका

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

(२) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएका,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएका,

(५) दुर्घटना वा विपदमा परेका,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसंग सम्बन्धित रहेको कारणले बेवारीस भएका,

(७) हिँसा, यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका,

(८) बाबुआमा वा संरक्षकबाट बञ्चित भएका,

(९) अभिभावक विहिन पूर्ण अशक्त अपाङ्गता भएका,

(१०) अपहरण वा शरीर बन्धकमा परेका,

(१२) सडक बालबालिका,

(१३) एच.आई.भी. एड्स लगायतका गम्भीर प्रकृतिका सरुवा रोगबाट संक्रमित भएको,

(१४) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भई संरक्षण विहीन अवस्थामा फेला परेका,

(१५) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र विपदमा परेका,

(१६) बाबुआमा दुबै वा कुनै एक अभिभावक नभएको कारण शिक्षा, स्वास्थ्य तथा पालनपोषणबाट बञ्चित तथा जोखिम परिस्थितीमा रहेका,

(१७) बाबुआमा भएको भएता पनि जोखिम अवस्थामा रहेका बालबालिका ।

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

अनुसूची २

परिच्छेद २ को दफा ७ खण्ड (च) सँग सम्बन्धित

रकम उपलब्ध गराइएका लक्षित बालबालिकाको विवरण ढाँचा

| सि.नं | नाम थर | लिङ्ग | ठेगाना | उमेर | लक्षित बालबालिकाको प्रकार | सहयोग उपलब्ध गराइएको क्षेत्र | उपलब्ध गराइएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सामाजिक ... गण्डकी ... पोखरा, नेपाल

अनुसूची ३

परिच्छेद २ को दफा ८ खण्ड (घ) सँग सम्बन्धित

सहयोग मागको निवेदन ढाँचा

मिति:........................

श्री प्रमुखज्यू,

.................................................गा.पा/न.पा.को कार्यालय

............................................................

गण्डकी प्रदेश, नेपाल ।

म ........................................................ बालक/ बालिका आर्थिक अवस्था कमजोर भएकोले उद्धार,राहत तथा पुनर्स्थापना/ औषधी उपचार/कानुनी उपचार तथा मनोसामाजिक विर्मश/शैक्षिक सहयोग/पालनपोषण हेरचाह र स्याहारसुसारको लागि "लक्षित, विपन्न समुहका, अभिभावक विहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धि कार्यविधि २०७६" बमोजिम तोकिएको रकम पाउँ भनी आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक/संरक्षकको नाम थर:

लक्षित बालक/बालिकाको नामथर:

उमेर:.........

दस्तखत: ..........................

सम्पर्क नं..........................

ठेगाना :.......................................

न.पा./गा.पा. ................................

वडा नं. ........

टोल:

सामाजिक ... गण्डकी प्रदेश पोखरा, नेपाल